# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
०८८५९४००५
९८६०८९०५७४

Website:
www.aathbiskotmun.gov.np

पत्र संख्याः २०८१/०८२ ( म. तथा बा. शाखा)
चलानी नम्बर :

मितिः २०८१/०८/०७ गते
११४५ कछलागा सप्तमी– शुक्रबार

श्री सरोकारवाला सबै
आठविसकोट नगरपालिका रुकुम पश्चिम ।

विषय : लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा प्रत्येक वर्ष नोभेम्वर २५ देखि डिसेम्वर १० तारिक सम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विभिन्न कार्यक्रम गरी लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान विश्वभरी मनाउने गरिएको छ । नेपालमा पनि विगत केही वर्षदेखि उक्त अवधिमा विभिन्न सचेतनामुलक अभियान सञ्चालन गरी लैंगिक हिंसा विरुद्धको अभियान मनाउने गरिएको छ ।

यसै सम्बन्धमा आठविसकोट नगरपालिकाको समाजिक विकास समितिको मिति २०८१/०८/०३ गतेको वैठकको निर्णय अनुसार विगत वर्षहरुमा झै यस वर्ष पनि नोभेम्वर २५ देखि डिसेम्बर १० तारिक तदनुसार २०८१ मंसिर १० देखि २५ गते सम्म मनाइने लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको अन्तर्राष्ट्रिय नारा **"Towards 30 Years of the Beijing Declaration and Platform for Action : UNITE to End Violence against Women"** आधारमा तय गरिएको **" हामी सबैको प्रतिवद्धता : लैंगिक हिंसा अन्त्यको लागि ऐक्यवद्धता "** भन्ने राष्ट्रिय नाराका साथ उक्त अभियान यस आठविसकोट नगरपालिकामा सचेतनामूलक कार्यक्रम **लैंगिक हिंसा न्युनिकरणमा स्थानीय तहको भुमिका** भन्ने शिर्षकमा वक्तृत्वकला प्रतियोगीता सञ्चालन गरी तपसिलको मिति र स्थानमा मनाउने निर्णय भएकोले जुनसुकै महिला समुहमा आवद्ध महिलाहरु प्रतियोगीतामा भाग लिनुहुन यसै सुचना साथ जानकारी गराईन्छ। साथै तहाँ वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, वडा सचिव अनिवार्य उपस्थित भई कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्नुका साथै त्यस वडाको तोकिएको स्थानमा व्यापक जनसहभागिता जुटाई सहयोग गरिदिनुहुन यसै पत्रसाथ अनुरोध छ ।

तपसिलः

| मिति | वडा/स्थान |
|---|---|
| २०८१/०८/१० | श्री राडी ज्युला शिक्षा क्याम्पस आ.न.पा. ९ रुकुम (पश्चिम) (उद्घाटन) सहभागी वडाहरु ७,८,९,१०,११ र १२ |
| २०८१/०८/१४ | आ.न.पा.२ नं. वडा कार्यलय सहभागी वडाहरु १,२,३ |
| २०८१/०८/१८ | आ.न.पा. ४ नं.वडा कार्यालया सहभागी वडाहरु ४,५,६ |
| २०८१/०८/२५ | आ.न.पा. १४ वाँकेज्युला सहभागी वडाहरु १३,१४ (समापन) |

**नोट : वक्तृत्वकला प्रतियोगीतामा भाग लिई स्थान प्राप्त गर्नेहरुको लागि प्रथम पुरस्कार रु २५००। द्धितीय पुरस्कार रु २००० तृतिय पुरस्कार रु १५००। र सान्त्वना पुरस्कार रु १०००। को व्यवस्था गरिएको छ । भाग लिन चाहने इच्छुक महिलाहरुले कार्यक्रमा तोकीएको स्थानमा सोही दिन १०:०० बजे देखि ११:०० बजे सम्म नाम दर्ता गराउनुपर्ने छ । सहभागी हुन चाहनेले समूह दर्ताको प्रमाण पत्रको फोटोकपि अनिवार्य रुपमा ल्याउनुपर्ने छ ।**

२०८१/०८/०७

राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

राजेश गौतम
नि.प्रमुख प्रशासकीय अधिकृत



E-mail: aathbiskotmun073@gmail.com ito.aathbiskotmun@gmail.com